राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

# विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** मिडिया काउन्सिल विधेयक, २०८०

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार):

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१ | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | ०२ | मा. गोपी बहादुर सार्की आछामी, मा. गंगा कुमारी बेल्वासे, मा. तारामान स्वाँर, मा. बिष्णुबहादुर विश्वकर्मा, मा. मायाप्रसाद शर्मा, मा. राधेश्याम पासवान, मा. रेनु चन्द र मा. श्रीकृष्ण प्रसाद अधिकारी |
| ०३ | मा. कृष्णबहादुर रोकाय, मा. कमला पन्त, मा. किरणबाबु श्रेष्ठ, मा. युवराज शर्मा र मा. विष्णुकुमारी सापकोटा | ०४ | मा. जितजंग बस्नेत र मा. विष्णु देवी पुडासैनी |
| ०५ | मा. देवेन्द्र दाहाल, मा. इन्दिरा देवी गौतम, मा. तुलसा कुमारी दहाल, मा. भगवती न्यौपाने, मा. रुक्मिणी कोइराला र मा. सुमित्रा बि.सी. | ०६ | मा. मदन कुमारी शाह (गरिमा), मा. गोमादेवी तिमल्सिना र मा. राजेन्द्र लक्ष्मी गैरे |

**२) संशोधन प्रस्तावको विवरण** (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. गोपी बहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | प्रस्तावना | | | | प्रस्तावनाको सुरुमा "मिडियाको गुणस्तर सुधार गरी" भन्ने शब्दहरू थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २. | मा. कृष्ण बहादुर रोकाय लगायतका मा. सदस्यहरू | प्रस्तावना | | | | प्रस्तावनामा रहेको “स्वनियमनलाई” भन्ने शब्दको सट्टा स्वनियमन र स्वमूल्याङ्कनलाई" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३. | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | १ | (१) | | | "मिडिया काउन्सिल ऐन, २०८०" भन्ने शब्दहरूको सट्टा "सञ्चार परिषद् ऐन, २०८१" भन्ने शब्दहरू राखी विधेयकको ठाउँ-ठाउँमा रहेका "मिडिया काउन्सिल" भन्ने शब्दहरूको सट्टा "सञ्चार परिषद्" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४. | मा. गोपी बहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | १ | (१) | | | ऐनको नाम नेपाली भाषामा राखी “२०८०” भन्ने अङ्कहरुको सट्टा "२०८१" भन्ने अङ्कहरू राख्नु पर्ने। |
| ५. | मा. मदन कुमारी शाह (गरिमा) लगायतका मा. सदस्यहरू | १ | (१) | | | "मिडिया काउन्सिल ऐन, २०८०" भन्ने शब्दहरूको सट्टा "सञ्चार परिषद् ऐन, २०८१" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६. | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | १ | (२) | | | "तुरुन्त" भन्ने शब्दको सट्टा "प्रमाणीकरण भएको एकानब्बेऔं दिनदेखि" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ७. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २ | | (घ) | | "भन्नाले" भन्ने शब्दपछि "पत्रकारिताको मूल्य र मान्यता बमोजिम आम मानिसमा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ८. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २ | | (ङ) | | "भन्नाले" भन्ने शब्दपछि "पत्रकारिताको मूल्य र मान्यता बमोजिम ज्ञान, मनोरञ्जन र शिक्षामूलक" भन्ने शब्दहरू, "सरकारी" भन्ने शब्दपछि "सार्वजनिक" भन्ने शब्द र "सञ्चालित" भन्ने शब्दपछि “इन्टरनेट” भन्ने शब्द थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २ | | (ज) | | "बनेको" भन्ने शब्दपछि "नियमावलीमा" भन्ने शब्दहरु थप्नु पर्ने । |
| १०. | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | २ | | (झ) | | "बाजे" भन्ने शब्दपछि "बज्यै,", "ठुलोबुबा" भन्ने शब्दपछि "ठुलीआमा,", "काका," भन्ने शब्दपछि "काकी,", "ससुरा" भन्ने शब्दपछि "सासु," र "जेठान" भन्ने शब्दपछि "जेठानी" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ११. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २ | | (ञ) | | "आमसञ्चार माध्यममा आवद्ध नभई" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| १२. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २ | | (ञ) | | "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |
| १३. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २ | | (ट) | | "प्रेस प्रतिनिधिको" भन्ने शब्दहरूको सट्टा "कुनै सञ्चार संस्था वा मिडिया काउन्सिलको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १४. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २ | | (ढ) | | "सामाजिक सञ्जाललाई" भन्ने शब्दहरूको सट्टा "सामाजिक सञ्जालका रूपमा रहेका एप्लिकेशन्समा पत्रकारिता व्यवसाय सञ्चालन गर्नेलाई" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १५. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ३ | (१) | | | "मर्यादित" भन्ने शब्दको सट्टा "स्वतन्त्र" भन्ने शब्द राख्नु पर्ने। |
| १६. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ३ | (१) | | | सुरुमा "स्वतन्त्र" भन्ने शब्द थप्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १७. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ४ | | | | दफाशीर्षकमा रहेको “काउन्सिल" भन्ने शब्दपछि "स्वतन्त्र," भन्ने शब्द थपी उपदफा (१) मा रहेको “उत्तराधिकारवाला” भन्ने शब्दपछि “स्वतन्त्र,” भन्ने शब्द थप्नु पर्ने। |
| १८. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ५ | | | | • खण्ड (क) लाई खण्ड (ख) कायम गरी यसमा रहेका "तथा समन्वय गर्ने" भन्ने शब्दहरू झिक्नु पर्ने।<br>• खण्ड (ख) लाई खण्ड (क) कायम गर्नु पर्ने।<br>• खण्ड (च) मा रहेको "अनुसन्धान" भन्ने शब्दको सट्टा "अनुसन्धान, अन्वेषण" भन्ने शब्द राख्नु पर्ने। |
| १९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ५ | | (ड) | | खण्ड (ड) पछि देहायको खण्ड (ढ) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>“(ढ) प्रदेशबाट प्रतिनिधित्व गर्ने सदस्यलाई कार्यदिशा सहितको जिम्मेवारी प्रदान गर्ने।” |
| २०. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ५ | | (ड) | | खण्ड (ड) र (ढ) झिक्नु पर्ने । |
| २१. | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | ५ | | (ढ) | | झिक्नु पर्ने। |
| २२. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ५ | | (ढ) | | "तोकिए" भन्ने शब्दको सट्टा "नियमावली" भन्ने शब्द राख्नु पर्ने। |
| २३. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ६ | (१) | (ख) | | खण्ड (ख) लाई खण्ड (ग) र खण्ड (ग) लाई खण्ड (ख) कायम गर्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २४. | मा. जितजंग बस्नेत,<br>मा. विष्णुदेवी पुडासैनी | ६ | (१) | (ख) | | खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नु पर्नेः<br>"(ख) प्रतिनिधि सभाका सभामुखले तोकेको प्रतिनिधि सभा र राष्ट्रिय सभाको अध्यक्षले तोकेको राष्ट्रिय सभाको सदस्य एक-एकजना -सदस्य" |
| २५. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | ६ | (१) | (घ) | | "प्रदेशबाट" भन्ने शब्दपछि "प्रदेश सरकारले सिफारिस गरेको" भन्ने शब्दहरू थप्नु पर्ने। |
| २६. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू र मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ६ | (१) | (ङ) | | "एक जना" भन्ने शब्दहरूको सट्टा "एकजना महिला सहित तिन जना" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २७. | मा. जितजंग बस्नेत र<br>मा. विष्णुदेवी पुडासैनी | ६ | (१) | (ङ) | | "एक जना" भन्ने शब्दहरुको सट्टा "कानून, मानव अधिकार र भाषा संस्कृतिको क्षेत्रमा योगदान दिएका एकजना महिला सहित दुईजना" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २८. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ६ | (१) | (ङ) | | खण्ड (ङ) पछि देहायको खण्ड (च) थप्नु पर्नेः-<br>"(च) विश्वविद्यालयमा प्रध्यापन गरेको वा स्वतन्त्र रूपमा अनुसन्धान र अन्वेषणमा संलग्न रहेको व्यक्ति एकजना - सदस्य" |
| २९. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | ६ | (२) | | | "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव" भन्ने शब्दहरूको सट्टा "न्याय परिषद्ले सिफारिस गरेको एकजना सदस्य" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३०. | मा. जितजंग बस्नेत र<br>मा. विष्णुदेवी पुडासैनी | ६ | (२) | | | "मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एकजना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय सभाका अध्यक्षको संयोजकत्वमा प्रेस काउन्सिलका |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | पूर्वअध्यक्ष मध्येबाट सरकारले तोकेको एकजना र प्रतिनिधि सभाको सञ्चार सम्बन्धी विषय हेर्ने समितिको सभापति सदस्य" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३१. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ६ | (२) | | | "मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एक जना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय सभाका अध्यक्षको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्री र प्रतिनिधि सभाको सञ्चार सम्बन्धी विषय हेर्ने समितिको सभापति सदस्य" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३२. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ६ | (५) | | | "नियुक्ति" भन्ने शब्दपछि "सात दिनभित्र" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३३. | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | ६ | (८) | | | "सचिव" भन्ने शब्दको सट्टा "सदस्य-सचिव" भन्ने शब्द राख्नु पर्ने। |
| ३४. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ६ | (८) | | | "सूचना तथा प्रसारण विभागको महानिर्देशकले" भन्ने शब्दहरुको सट्टा "काउन्सिलको वरिष्ठतम् कर्मचारीले" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३५. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | ७ | | (ख) | | झिकी त्यसपछिको खण्डक्रम मिलाउनु पर्ने। |
| ३६. | मा. कृष्णबहादुर रोकाय लगायतका मा. सदस्यहरू | ७ | | (ग) | | "कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव" भन्ने शब्दहरूको सट्टा "स्नातक तहको उपाधि हासिल गरी पत्रकारिताको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव भएको वा स्नातकोत्तर तहको उपाधि हासिल गरी पत्रकारिताको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३७. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ७ | | (ग) | | “पन्ध्र” भन्ने शब्दको सट्टा “दश” भन्ने शब्द राख्नु पर्ने। |
| ३८. | मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | ७ | | (घ) | | "साहित्य" भन्ने शब्दको सट्टा “साहित्य, राजनीति” भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ७ | | (घ) | | “दश” भन्ने शब्दको सट्टा “सात” भन्ने शब्द राख्नु पर्ने। |
| ४०. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ८ | | (ग) | | झिकी त्यसपछिको खण्डक्रम मिलाउनु पर्ने। |
| ४१. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ९ | (२) | | | "मन्त्रालयले" भन्ने शब्दको सट्टा “संघीय संसदको सञ्चार सम्बन्धी विषय हेर्ने समितिले" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४२. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ९ | (४) | | | "मन्त्रालय" भन्ने शब्दको सट्टा ““संघीय संसदको सञ्चार सम्बन्धी विषय हेर्ने समिति" राख्नु पर्ने। |
| ४३. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | ९ | (५) | | | "मन्त्रालय" भन्ने शब्दको सट्टा “संघीय संसदको सञ्चार सम्बन्धी विषय हेर्ने समिति" राख्नु पर्ने। |
| ४४. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ९ | (७) | | | उपदफा (७) पछि देहायको उपदफा (८) थप्नु पर्नेः<br>"(८) अध्यक्ष र सदस्यको पदावधि शपथ ग्रहण गरेको मितिदेखि प्रासम्भ हुनेछ।" |
| ४५. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १० | | (घ) | | खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(घ) स्वास्थ्यका कारणले कार्यसम्पादन गर्न नसक्ने भएमा," |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ४६. | मा. डा. बेदुराम भुसाल र<br>मा. घनश्याम रिजाल | ११ | | (ख) | | "कार्यक्रम" भन्ने शब्दपछि "र आचारसंहिता" भन्ने शब्द थप्नु पर्ने। |
| ४७. | मा. डा. बेदुराम भुसाल र<br>मा. घनश्याम रिजाल | ११ | | (ङ) | | झिक्नु पर्ने। |
| ४८. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | ११ | | (ङ) | | सुरूमा "ऐनले" भन्ने शब्द थप्नु पर्ने। |
| ४९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ११ | | (ङ) | | "तोकिए" भन्ने शब्दको सट्टा "नियमावली" भन्ने शब्द राख्नु पर्ने। |
| ५०. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १२ | | (क) | | खण्ड (क) पछि देहायको खण्ड (ख) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ख) काउन्सिलको बैठकमा सहभागी भई आफ्नो राय पेश गर्ने," |
| ५१. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | १२ | | (ख) | | "काउन्सिलले तोकेको" भन्ने शब्दहरूको सट्टा "ऐनले तोके बमोजिमको अन्य" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५२. | मा. डा. बेदुराम भुसाल र<br>मा. घनश्याम रिजाल | १३ | (२) | | | अध्ययक्षको पारिश्रमिक, सुविधा र सेवाको शर्त ऐनमै तोक्नु पर्ने। |
| ५३. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १३ | (२) | | | "अन्य शर्त तोकिए" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले तोके" भन्ने शब्द राख्नु पर्ने। |
| ५४. | मा. जितजंग बस्नेत र<br>मा. विष्णुदेवी पुडासैनी | १३ | (३) | | | "भत्ता" भन्ने शब्दपछि "र अन्य सुविधा" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५५. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | १४ | (२) | | | "दफा (६) को उपदफा (१) को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "उमेरको हिसावले ज्येष्ठ" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५६. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १४ | (३) | | | "चौविस घण्टा" भन्ने शब्दहरूको सट्टा "तीन दिन" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५७. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १४ | (५) | | | "भन्दा" भन्ने शब्दपछि "चौबिस घण्टा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ५८. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १४ | (१०) | | | "गराई" भन्ने शब्दहरूपछि "अध्यक्ष र सचिवले प्रमाणित गरी" भन्ने शब्द थप्नु पर्ने। |
| ५९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १४ | (११) | | | "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |
| ६०. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | १६ | (१) | | | "कायम राख्न" भन्ने शब्दपछि "नेपाल पत्रकार महासंघको सहमतिमा" भन्ने शब्दरू थप्नु पर्ने। |
| ६१. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १६ | (५) | | | "र" भन्ने शब्दपछि "स्वयं" भन्ने शब्द थप्नु पर्ने। |
| ६२. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | १७ | (१) | | | "मर्यादित" भन्ने शब्दको सट्टा "स्वतन्त्र" भन्ने शब्द र "आमसञ्चार माध्यमलाई" भन्ने शब्दहरूको सट्टा "आमसञ्चार माध्यम र पत्रकारिताका प्रतिनिधिमूलक व्यावसायिक संस्थाहरूलाई" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६३. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | १७ | (२) | | | "आमसञ्चार माध्यमले" भन्ने शब्दहरूको सट्टा "आमसञ्चार माध्यम वा सञ्चार संस्थाका प्रतिनिधिमूलक संस्थाहरूले"भन्ने शब्द राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ६४. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १७ | (२) | | | "गर्न" भन्ने शब्दपछि "एक स्वतन्त्र" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ६५. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १८ | (१) | | | "काउन्सिललाई तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "काउन्सिलले तोकेको ढाँचा अनुसार" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६६. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २० | (४) | | | खण्ड (क) र खण्ड (च) झिकी खण्डक्रम मिलाउनु पर्ने। |
| ६७. | मा. जितजंग बस्नेत र मा. विष्णु देवी पुडासैनी | २० | (४) | (च) | | "काउन्सिलले" भन्ने शब्दपछि "नकारात्मक" भन्ने शब्द थप्नु पर्ने। |
| ६८. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २४ | | | | झिकी त्यसपछिको दफाक्रम मिलाउनु पर्ने। |
| ६९. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २५ | (४) | | | "बैंक वा वित्तीय संस्थामा" भन्ने शब्दको सट्टा "बैङ्कमा" भन्ने शब्द राख्नु पर्ने। |
| ७०. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २७ | | | | सुरुमा देहायको उपदफा (१) थपी उपदफाक्रम मिलाउनु पर्नेः- "(१) काउन्सिलले सबै आमसञ्चार माध्यममा कार्यरत तथा स्वतन्त्र पत्रकारहरूको एकीकृत अभिलेख राख्नेछ।" |
| ७१. | मा. जितजंग बस्नेत र मा. विष्णुदेवी पुडासैनी | २७ | | | | साविक उपदफा (५) पछि देहायको उपदफा (६) थप्नु पर्नेः- "(६) छापाखाना तथा प्रकाशन ऐन, २०४८ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्र प्राप्त पत्रकारहरूको अभिलेख काउन्सिलको अभिलेखमा समावेश गरी सोको नविकरणलाई नियमित गर्नेछ।" |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ७२. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २८ | | | | दफा २८ पछि देहायको दफा २९ थपी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-<br>“२९. **कार्यालय प्रमुखको व्यवस्थाः** (१) काउन्सिलमा कार्यालय प्रमुखको रूपमा एक प्रशासकीय प्रमुख रहनेछ।<br>(२) प्रशासकीय प्रमुखको पदावधि चार वर्षको हुनेछ।<br>(३) प्रशासकीय प्रमुखको एक पटक पुनः नियुक्ति हुन सक्नेछ।” |
| ७३. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | ३० | | | | भाषा मिलाउनु पर्ने। |
| ७४. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ३२ | | | | "प्रधानन्यायाधीश" भन्ने शब्दको सट्टा "विभागीय मन्त्री" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ७५. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ३३ | (२) | | | "संसदको सम्बन्धित समिति" भन्ने शब्दहरूको सट्टा "संसद" भन्ने शब्द राख्नु पर्ने। |
| ७६. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू र मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू र मा. डा. बेदुराम भुसाल र मा. घनश्याम रिजाल | ३५ | | | | दफा (३५) पछि देहायको दफा (३६) थपी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-<br>“३६. **ऐन कार्यान्वयन मापनः** मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नेछ।” |
| ७७. | मा. गोपीबहादुर सार्की आछामी लगायतका मा. सदस्यहरू | ३६ | (१) | | | "ऐन तथा यो ऐन अन्तर्गत बनेको नियमावलीको" भन्ने शब्दहरूको सट्टा “ऐनको” भन्ने शब्द राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ७८. | मा. जितजंग बस्नेत र<br>मा. विष्णुदेवी पुडासैनी | ३७ | | | | उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्नु पर्नेः-<br>"(७) छापाखाना तथा प्रकाशन ऐन, २०४८ बमोजिम भए गरेका प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम भए गरेको मानिनेछ।" |

क्र.सं. १ देखि ७८ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

................................

**(नारायण प्रसाद दाहाल)**

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।०२।२७